फोन नं. ०८७४४०१२१
इमेल:-info.dckalikot@supremecourt.gov.np

# कालिकोट जिल्ला अदालत

## मान्म, कालिकोट

## प्रशासन शाखा

मिति २०७८।०३।१६

सेवा सुचारु गरिएको सूचना !

नोबल कोरोना भाइरस (कोभिड -१९) को नयाँ भेरियन्टको संक्रमण नेपालमा बढीरहेको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी गरिएको प्रेस विज्ञप्ती तथा जिल्ला प्रशासन कार्यालय कालिकोटबाट मिति २०७८।०१।१९ राती १२:०० बजेदेखि जारी भई पटक पटक थप भई मिति २०७८।०३।१४ राती १२:०० बजेसम्मका लागि जारी भएका निषेधाज्ञाका सन्दर्भमा यस अदालतबाट मिति २०७८।०१।२० मा प्रकाशन गरिएको सूचना र तत्पश्चात पटक पटक प्रकाशित गरिएका तत्सम्बन्धी सूचनाहरु अनुसार सेवा संकुचन गरिएको अवस्थामा जिल्ला प्रशासन कार्यालय कालिकोटबाट कोभिड -१९ को महामारीको संक्रमण दर क्रमश: घट्दो क्रममा देखिए पनि जोखिमको अवस्था कायमै रहेको कारण उल्लेख गरी जनस्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना हुने व्यवस्था गरी सबै सार्वजनिक निकायहरु लगायत बैंक तथा वित्तिय संस्थाहरुबाट हुने सेवा प्रवाह र जिल्लाभित्र संचालन हुने सबै प्रकारका सवारी साधन संचालन समेत गर्ने र जिल्ला बाहिर संचालन हुने निजी एवं सार्वजनिक सवारी साधनहरु समेतका केही कार्यहरुमा निषेध गर्ने गरी मिति २०७८।०३।१४ राती १२:०० बजेदेखि मिति २०७८।०३।२३ राती १२:०० बजेसम्मका लागि यस कालिकोट जिल्लाभर लागू हुनेगरी निषेध आदेश जारी भएको सूचना मिति २०७८।०३।१४ मा प्रकाशित भएको अवस्थाको बारेमा छलफल गर्दा जिल्ला प्रशासन कार्यालय कालिकोटको उक्त मिति २०७८।०३।१४ को सूचना र स्थानीय परिस्थिति एवं जोखिमको अवस्थाको मूल्याङ्कनको आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धित अदालतले मिलाउने भन्ने सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०१।१४ को प्रेस विज्ञप्तीसमेतका आधार र कोभिड -१९ को संक्रमण दर क्रमश: घट्दोक्रममा रहेको अवस्थालाई दृष्टिगत गर्दा जनस्वास्थ्य सम्बन्धी सुरक्षा मापदण्डहरुको पूर्ण पालनाको व्यवस्था गर्दै यस अदालतबाट प्रवाह हुने सेवाहरु देहायबमोजिम हुने गरी २०७८।०३।१५ मा कर्णाली प्रदेशमा धान दिवसको सार्वजनिक बिदा परेको कारणले मिति २०७८।०३।१६ देखि पूर्ण रुपमा सुचारु गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. कोरोना भाइरस (कोभिड -१९) संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न सेवा प्रवाह गर्दा कम्तिमा २ मीटरको भौतिक दूरी कायम राख्ने, मास्क लगाउने, स्यानिटाइजर प्रयोग गर्ने लगायतका जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डहरुको पूर्ण पालना गर्ने गराउने ।

फोन नं. ०८७४४०१२१
इमेलः-info.dckalikot@supremecourt.gov.np

# कालिकोट जिल्ला अदालत

## मान्म, कालिकोट

## प्रशासन शाखा

२. निषेधाज्ञा एवं सेवा संकुचनको कारण गुज्रिन गएका हदम्याद, म्याद र तारिखको हकमा सम्मानित सर्वोच्च अदालतको मिति २०७७।०२।१५ को बृहत पूर्ण इजलासको फैसला बमोजिम हुने हुँदा सेवा सुचारु हुने मिति २०७८।०३।१६ देखि बाटोको म्याद बाहेक ३० (तीस) दिनभित्र उपस्थित भएमा स्वत: थामिदिई मुद्दाको कारवाही अगाडी बढाउने ।

३. कालिकोट जिल्ला बाहिरबाट आउनुपर्ने सेवाग्राहीको हकमा सम्बन्धित क्षेत्रमा जारी भएको निषेधाज्ञा समेतका कारणले सो ३० दिनभित्र उपस्थित हुन नसक्ने अवस्था भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको निषेधाज्ञा आदेश वा सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा उक्त फैसलाले निर्दिष्ट गरेअनुरुप गुज्रिएको हदम्याद, म्याद र तारिख थामिन सक्ने ।

२०७८।३।१६

प्रेमप्रकाश थापा
स्रेस्तदार, उपसचिव

स्रेस्तेदार,उपसचिव